लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,कपिलवस्तु

☎ ०७६-५६००२१
०७६-५६१०४१

## प्रस्ताव आव्हवान सम्बन्धी सुचना

सुचना नं : ०२/०८२/८३ प्रथम पटक सुचना प्रकाशित मिति २०८२/०७/१६

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुको आ. व. ०८२/८३ को कार्यक्रम अन्तर्गत पुरानो पोखरी मर्मत संभार कार्यक्रममा सहभागी हुनका लागी "कृषि, पशुपंक्षी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि,२०८२" बमोजिम कपिलवस्तु जिल्ला भित्रका मत्स्य पालक कृषकहरुले सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८२/०८/१५) गते कार्यालयमा रु.१० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कार्यालय वा सुचना पाटी वा वेबसाईट www.kapilvastu.vethos.gov.np वा कार्यालयको सम्पर्क नं. ०७६-५६००२१ वा सुचना अधिकारीको सम्पर्क न. ९८५७०५६०४२ मा सम्पर्क गर्न सकिनेछ।रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

तपशील:

| क्र.स. | कार्यक्रम विवरण | लक्ष्य | स्विकृत बजेट रु लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | न्युनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|---|
| १ | पुरानो पोखरी मर्मत संभार | ४ हे. | २० | जिल्ला भरी (राष्टिय कृषि आधुनिकिकरण परियोजना अन्तरगत मत्स्य क्षेत्र लागु भएको क्षेत्र बाहेकलाई प्राथमिक्ता दिइनेछ ।) | कम्तीमा ५ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पुराना पोखरीहरुको मर्मत संभार गर्न सकिने, पानीको आपुर्ति सहज भएको र माछा पालन गरिरहेको, मर्मत संभार गरिएको पोखरीको गहिराइ कम्तीमा १.५ मी.हुनु पर्ने, बहुपत्रे प्लाष्टिक शीटको लाइनिङ्ग सहितको पोखरी मर्मत गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रुपमा उचित कायम गर्नु पर्ने । | कृषक/फर्म/कम्पनी/समुह/समिति/सहकारी | ❖ प्रति हेक्टर जलाशयमा रु.दुइ लाख मा नबढने गरी पोखरी मर्मत संभारमा अधिक्तम ५० प्रतिशत अनुदान सहयोग ।<br>❖ डिलमा कम्तीमा २०० Gram Per Squre mitre (GSM) को बहुपत्रे प्लाष्टिक शीटको लाइनिङ्ग सहित पोखरी मर्मत संभारको लागि कुल लागत खर्चको ५० प्रतिशत वा अधिक्तम रु ५ लाख अनुदान । |

संलग्न गर्नु पर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन ।(अनुसुची २३)
२. दर्ता नवीकरण भएको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. कर्षक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर , प्रमाण पत्रको प्रतिलिपि छनौटमा भएमा सम्झौता पुर्ब पेश गर्नु पर्ने ।
५. कार्यक्म संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव (अनुसुची २५)
६. कार्यक्रम संचालनको लागि सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

कार्यालय प्रमुख

७. प्रस्ताव स्वीकृत गरी अनुदान मांग गर्न गरिएको निर्णयको प्रतिपि (संस्था वा समुह वा कम्पनीको हकमा )

८. प्रस्ताब पेश गर्नेको नागरिक्ताको प्रतिलिपि ।

९. अनुमानित लागत रकम (निर्माण गरिने पुर्वाधारको हकमा )

१०.जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको हकमा १० बर्ष वा तोकिएको अवधिको करार पत्र ।

११.तालिम/अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।

<u>पुनश्चः</u> सुचनामा छुट हुन गएका बुंदाहरु कृषि तथा पशु पन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८२ मा भएको ब्यवस्था बमोजिम हुनेछ साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्बजनिक विदा पर्न गएमा भोलि पल्ट कार्यालय समयमा प्रस्ताव विज्ञ केन्द्रमा बुझाउन सकिनेछ ।

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
कपिलवस्तु, नेपाल

२०८२।८।१८

डा.सुकई प्रसाद थारु

व.प.वि.अ

नि. कार्यालय प्रमुख